# किरात राई यायोक्खा वेलायतको
# (विधान-२००८)

## प्रस्तावना

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक देश हो । आदिमकाल देखि स्वदेश तथा विदेशमा बसोबाकस गर्ने सम्पूर्ण किरात राईहरुलाई एउटै जातीय सामाजिक संस्थामा आबद्ध गर्दै विभिन्न जात जाति,आदिवासी जनजातिहरुसंग आपसी सहयोग, सद्भाव र सहकार्य गरी आदिवासी नेपाली भूमिपुत्र किरात राईहरुको भाषा, धर्म, कला, साहित्य, संस्कार, संस्कृति र इतिहासको संरक्षण, संवर्द्धन, अनुसन्धान तथा विकास गर्दै जातीय रानैतिक हक, अधिकार सहितको एक समृद्ध जातिको रुपमा विकास गर्ने महान लक्ष्य पुरागर्न वेलायतमा बसोबस गर्ने सम्पूण किरात राईहरुको साझा संगठन "किरात राई यायोक्खा"वेलायतलाइ ब्यावस्थीत गर्नको लागी यो विधान निर्माण गरी लागु गरिएको छ ।

## परिच्छेद-१
## विधानको नाम र प्रारम्भ

**१) संक्षिप्त नाम र प्रारम्भः**

क) संस्थाको नाम "किरात राई यायोक्खा" र छोटकरीमा (किराया) तथा अंग्रेजीमा *"KIRATRAI YAYOKKHA"* छोटकरीमा KRY हुनेछ । यो विधानको नाम "किरात राई यायोक्खा वेलायतको विधान-२००८" रहनेछ ।

ख) यो विधान प्रथम राष्ट्रिय सम्मेलनद्धारा पारित भएपछि लागु हुनेछ ।

**२) कार्यालयः** संस्थाको कार्यालय कार्यक्षत्रको अनुकूल हुनेगरी संयूक्त अधीराज्य वेलायतको जुनसुकै ठाँउमा राख्न सकिनेछ ।

**३) परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो विधानमाः

क) **किरात राई"** भन्नाले नेपालमा आदिकालदेखि बसोबास गरी आएका र विदेशमा समेत बसि वंशजकोनाताले आफ्नो जातीय परम्परा संस्कार र संस्कृतीको पालन गरी आएका आदिवासी भूमिपुत्र किरात राईहरुलाई जनाउंदछ ।

ख) **"विधान"** भन्नाले किरात राई यायोक्खा वेलायतको विधान २००८ लाई जनाउंदछ ।

ग) **"यायोक्खा"** भन्नाले किरात राई भाषामा संस्था भन्ने जनाउंदछ ।

घ) **"कार्य समिति"** भन्नाले किरात राई यायोक्खा वेलायतको प्रारम्भिक, काउण्टी वा जिल्ला क्षेत्रिय र राष्ट्रिय संयोजन समितिलाई जनाउंदछ ।

ङ) **राष्ट्रिय सम्मेलन"** भन्नाले विधानको धारा १२ (घ) बमोजिम आयोजना गरिने राष्ट्रिय सम्मेलनलाई जनाउंदछ ।

च) **"निर्वाचन"**भन्नाले यस विधान अन्तर्गत गठन हुने विभिन्न कार्य समितिहरुको निर्वाचनलाई जनाउंदछ ।

छ) **"सदस्य"** भन्नाले यस विधान अन्तर्गत विभिन्न किसिमको सदस्यता प्राप्त व्यक्तिहरुलाई जनाउंदछ ।

ज) **"नियम/विनियम"** भन्नाले यस विधान अन्तर्गत बनेका नियम, विनियमहरुलाई जनाउछ ।

झ) **"संयोजक"** भन्नाले यस विधान अन्तर्गत गठन गरिने सभा, विभाग तथा अन्य अस्थायी तथा स्थायी प्रकृतिका समिति, कार्यदल आदिका प्रमुखलाई समेत बुझाउंदछ ।

ञ) **"सम्मेलन"** भन्नाले यस विधान अन्तर्गत प्रारम्भिक, काउण्टी वा जिल्ला तथा काउण्टि क्षेत्रिय र राष्ट्रिय सम्मेलनहरुलाइ जनाउंदछ ।

ट) **"विभाग"** भन्नाले यस विधान अन्तर्गत गठन गरिने विभागहरुलाई जनाउंदछ ।

ठ) **"अधिकार प्रत्यायोजित व्यक्ति"** भन्नाले विधान बमोजिम प्रारम्भिक, काउण्टी वा जिल्ला तथा काउण्टि, क्षेत्रिय र राष्ट्रिय संयोजन समितिहरुले कुनै कामको लागि अधिकार दिई खटाइएको व्यक्ति वा प्रतिनिधिलाई जनाउंदछ ।

ड) **"सभाः** भन्नाले किरात राई यायोक्खाको प्रारम्भिक, काउण्टी वा जिल्ला तथा काउण्टि र क्षेत्रिय सभालाई जनाउंदछ ।

ढ) **"पदेन सदस्य"** भन्नाले किरायाको बिधान बमोजीम निर्वाचनको निस्चित प्रकृया पुरागरी निर्वाचित सदस्यहरु बाहेक अन्य सदस्यहरुलाई जनाउंदछ ।

ण) **"संस्था"** भन्नाले किरात राई यायोक्खालाई जनाउंदछ ।

त) **"भातृ संस्था"** भन्नाले संस्थाको उद्देश्य प्राप्तिका लागि गठन भएका संस्थाहरुलाई बुझाउंदछ । तर भातृसंस्थाहरु आफ्नै विधान अनुसार संचालन हुनेछन् र किरायाको समानान्तर वन्ने छैनन ।

**४) छाप, झण्डा र शपथग्रहण:**

क) संस्थाको छाप अनुसूची १ मा उल्लेख भए बमोजिम लोगो अंकित भएको हुनेछ,
ख) संस्थाको झण्डा अनुसूची २ बमोजिमको हुनेछ ।
ग) संस्थाको शपथग्रहणको नमूना अनुसूची ३ बमोजिमको हुनेछ ।

## परिच्छेद-२
## उद्देश्य

**५) उद्देश्य:** संस्थाको उद्देश्यहरु देहाय बमोजिम हुनेछ ।

क) सम्पूर्ण किरात राईहरु बिच आपसी एकता र सद्भाव कायम गर्ने ।
ख) किरात राईहरु बहुभाषी भएको हुंदा उक्त राईहरुको भाषा, लिपि, धर्म, कला, संस्कृति र इतिहासको खोज, अनुसन्धान, संरक्षण र सम्बर्द्धन गर्ने र सो कार्य गर्नेलाई सहयोग पु-याउने ।
ग) आदिवासी भुमिपुत्र किरात राई जातिमा ततसंबधी अधिकारको जनचेतना अभिवृद्धि गर्ने घ) नेपाली मूलका अन्य जनजाति आदिवासी भूमिपुत्र तथा जन जातिय संघ/संस्था बिच पारस्परिक सहयोग तथा सद्भाव अभिवृद्धि गर्दै बृहत एकता र संस्कृतिको निर्माणमा सहयोग आदन प्रदान गर्ने ।
ङ) राष्ट्रिय तथा अन्तराष्ट्रिय जातीय उत्थानमा क्रियाशील सामाजिक संघ/संस्थाबिच सम्पर्क गरी सहयोग आदान प्रदान गर्ने ।
च) जैविक तथा प्राकृतिक श्रोत साधनहरुमा किरात राईहरुको हक, अधिकार स्थापित गर्न पहल गर्ने ।
छ) संयूक्त अधीराज्य वेलायत बाहिर बसोबास गर्ने किरात राईहरुले आफ्नो जातिय उत्थान, विकास र एकताको लागि स्थापीत संघ संस्थाहरुसंग समनवय राखी भाईचारा संस्थाको रुपमा स्थापित गर्दै अन्तराष्ट्रिय संयोजन समिति निर्माण गरी किरात राईहरुको राजनैतिक अधीकारको चेतना जगाउने र
ज) किरात राईहरुको हक अधिकार प्राप्तिको लागि किृयाशील हुने ।

## परिच्छेद-३
## सदस्यता संवन्धी ब्यावस्था:

**६) सदस्यको योग्यता:** संस्थाको विधान स्वीकार गर्ने १८ वर्ष उमेर पुगेका किरात राईहरु जोसुकैले सदस्यता प्राप्त गर्न सक्नेछन् ।

**७) सदस्यको प्रकार:** संस्थाबाट निम्न बमोजिम सदस्यता प्रदान गरिनेछ ।

क) साधरण सदस्यता,
ख) आजीवन सदस्यता,
ग) संरक्षक सदस्यता,
घ) विशिष्ट संरक्षक सदस्यता,
ङ) मानार्थ सदस्यता ।

**८) सदस्यता शुल्क:** सदस्यता शुल्क निम्न बमोजिम हुनेछ ।

क) साधारण सदस्यता शुल्क ३० पाउण्ड प्रत्येक ३ वर्षको लागि प्रदान गरिने, त्यस पछि पुन: हरेक ३ वर्षमा नवीकरण गर्नुपर्ने छ ।
ख) आजीवन सदस्यता शुल्क - न्यूनतम १०० पाउण्ड
ग) संरक्षक सदस्यता शुल्क - न्यूनतम १५० पाउण्ड
घ) वशिष्ट संरक्षक सदस्यता शुल्क - न्यूनतम ५०१ पाउण्ड
ङ) मानार्थ सदस्यता: किरात राईहरुको भाषा, साहित्य, कला, धर्म, संस्कृति र तिहास आदि विषयमा उल्लेखनीय योग्दान पु-याउने स्वदेशी तथा विदेशी व्यक्तिलाई प्रदान गर्न सकिनेछ

**९) सदस्यताको अयोग्यता:** देहाय बमोजिमका व्यक्ति संस्थाको सदस्यताको लागि अयोग्य हुने छन् ।

क) मानसिक सन्तुलन विग्रिएको व्यक्ति ।

ख) किरात राई जातिको परम्परा संस्कार र संस्कृतिमा घृणा वा द्वेष फैलाउने व्यक्ति ।
ग) नैतिक पतन देखिने गरी फौजदारी अभियोगमा सजाय पाएको व्यक्ति ।
घ) १८ वर्ष उमेर नपुगेका व्यक्ति ।

**परिच्छेद-४**
**कार्य समितिको गठन विधी, वार्षिक साधारण सभा र परीषद**
**ब्यब्यास्था**

**१०) संयूक्त अधीराज्य वेलायतमा** प्रारम्भिक, जिल्ला तथा काउण्टी, क्षेत्रिय र राष्ट्रिय संयोजन समिति समेत गरी ४ किसीमको समीतीहरु सम्मेलनद्धारा गठन गरिनेछ ।

**क) प्रारम्भिक कार्य समितिः** सम्मेलनद्धारा बढीमा १५ सदस्यीय रहनेगरी प्रारम्भिक कार्य समिति निर्वाचनबाट गठन गरिनेछ । प्रारम्भिक कार्य समितिमा देहाय बमाजिमको पदाधिकारी र सदस्यहरु रहनेछन ।

अध्यक्षः - १ जना,
उपाध्यक्षः - १ जना,
सचिवः - १ जना,
सह-सचिवः -१ जना,
कोषाध्यक्ष - १ जना
सह कोषाध्यक्ष १ जना र
अन्य सदस्यहरुः -

**स्पष्टिकरणः**किरात राईहरुको जनसंख्या न्युन भएको क्षेत्रको हकमा पायक पर्ने दुई वा सो भन्दा बढी टाउनहरु मिलाई प्रारम्भिक कार्य समिति गठन गर्न सकिनेछ । साथै प्रारम्भिक कार्य समितिमा न्युनतम ३३% महिला सहभागी हुनुपर्नेछ ।

ख) **जिल्ला तथा काउण्टि कार्य समितिः** सम्मेलनद्धारा बढीमा २१ सदस्यीय जिल्ला तथा काउण्टी कार्य समिति निर्वाचनबाट गठन गरिनेछ । कार्य समितिमा देहाय बमाजिमको पदाधिकारी र सदस्यहरु रहनेछन ।

अध्यक्षः - १ जना,
उपाध्यक्षः - १ जना,
सचिवः - १ जना,
सह-सचिवः- १ जना,
कोषाध्यक्ष - १ जना
सह कोषाध्यक्ष १ जना र
अन्य सदस्यहरुः ।

**स्पष्टिकरणः** काउण्टी कार्य समिति गठन गर्नको लागि कम्तिमा ३ वटा प्रारम्भिक कार्य समिति अनिवार्य हुनुपर्नेछ । आवश्यकतानुसार काउण्टी कार्य समितिमा १ सचिवालय गठन गर्न सकिनेछ । काउण्टी कार्य समितिमा कम्तिमा ३३% महिला हुनुपर्नेछ ।

ग) **क्षेत्रीय संयोजन समीती :** किराया यूकेको संगठनलाई विस्तार गर्न आवश्यतानुसार विभीन्न (स्कटल्याण्ड, नरदन आयरल्याण्ड र वयल्स) क्षेत्रीय संयोजन समीती गठन गर्न सकीनेछ । हरेक क्षेत्रीय संयोजन समीतीमा सम्मेलनद्धारा निर्वाचत देहाय बमाजिमको वढीमा २१ पदाधिकारी र सदस्यहरु रहनेछन ।

अध्यक्षः - १ जना,
उपाध्यक्षः - १ जना,
सचिवः - १ जना,
सह-सचिवः - १ जना,
कोषाध्यक्ष - १ जना,
सह कोषाध्यक्ष १ जना र
अन्य सदस्यहरुः

**घ) राष्ट्रिय संयोजन समिति,** संयूक्त अधीराज्य वेलायतमा बसोबास गर्ने सम्पूर्ण किरात राईहरु मिलेर एक साझा उच्च नेतृत्वदायी संस्था किरत राई यायोक्खाको **राष्ट्रिय संयोजन समिति** गठन गरीनेछ । सम्मेलनद्धारा निर्वाचत देहाय बमाजिमको २१ देखी २५ पदाधिकारी र सदस्यहरु रहनेछन ।

अध्यक्षः- १ जना,
उपाध्यक्षः - ३ जना,
महा-सचिवः- १ जना,
सचिवः - १ जना,
कोषाध्यक्ष - १ जना,
सह कोषाध्यक्ष १ जना र
अन्य सदस्यहरुः ।

**स्पष्टिकरणः राष्ट्रिय संयोजन समितिको** २० जना निर्वाचनद्धारा, ५ जना मनोनयनद्वारा र भाषिक तथा भातृ संस्थाहरुका पदाधिकारीमध्यबाट प्रत्यक भाषिक तथा भातृ संस्थाहरुबाट १/१ जना सदस्य मनोनयन गरी पठाउनु पर्नेछ ।

ङ) **मुख्य सचिवालयः** राष्ट्रिय संयोजन समितिको दिनानुदिनको कार्यसम्पादनलाई सरल बनाउन समितिका पदाधिकारीहरु मध्यबाट बढीमा १५ सदस्यीय केन्द्रीय सचिवालय गठन गर्न सकिनेछ ।

च) **विभागः** राष्ट्रिय संयोजन समितिको मातहतमा देहाय बमोजिमको विभागहरु रहनेछन् ।

१) आर्थिक विभाग,
२) प्रचार प्रसार तथा प्रकाशन विभाग,
३) कानुनी परामर्श तथा अनुशासन विभाग
४) महिला विभाग,
५) संगठन तथा प्रशिक्षण विभाग
७) विदेश सम्पर्क विभाग
८) यूवा विभाग र
९) धर्म संस्कार तथा सास्कृती विभाग ।

**स्पष्टिकरणः**आर्थिक विभागमा कोषाध्यक्ष पदेन संयोजक र अन्य विभागमा कुनै एक केन्द्रीय पदाधिकारी तथा सदस्यको संयोजकत्वमा बढीमा ७ सदस्यीय विभागको मनोनयनद्वारा गठन गरिनेछ ।

**११, वार्षिक साधारण सभा र परीषद,** धारा १० वमौजीम गठन भएको प्रारम्भिक, जील्ला तथा काउण्टी, क्षेत्रिय र राष्ट्रिय संयोजन समितिले प्रत्येक वर्ष एक वार्षीक साधारण सभा र परीषदको आयोजना गर्नेछन । यसरी आयोजना गरीएको सभाले सम्वन्धीत कार्य समीतीले वर्ष भरीमा सम्पन्न गरेको कामको समीक्षा र आय ब्यायको अनुमोदन गर्ने छ ।

१) **प्रारम्भिक साधारण सभा** प्रारम्भिक कार्य समितिले प्रत्येक वर्ष प्रारम्भिक सभाको आयोजना गर्नेछ । सभामा आर्थिक र कार्य प्रगति प्रतिवेदन पेश गर्नुका साथै वार्षिक कार्यक्रमको तर्जुमा गर्नेछ । सभामा देहाय बमोजिमको प्रतिनिधित्व हुनेछ ।

क) प्रारम्भिक कार्य समितिका पदाधिकारी तथा सदस्यहरु र सल्लाहकारहरु ।
ख) सम्बन्धित क्षेत्रभित्र रहेका संस्थाका सबै किसिमका सदस्यहरु सहभागी हुन पाउनेछन् ।

२) **जिल्ला तथा काउण्टि सभाः** जिल्ला तथा काउण्टि कार्य समितिले प्रत्येक वर्ष सभाको आयोजना गर्नेछ । सभामा आर्थिक र कार्य प्रगति प्रतिवेदन पेश गर्नुका साथै वार्षिक कार्यक्रमको तर्जुमा गर्नेछ । सभामा देहाय बमोजिमको प्रतिनिधित्व हुनेछ ।

क) जल्ला तथा काउण्टि कार्य समितिका पदाधिकारी तथा सदस्यहरु र सल्लाहकारहरु,
ख) जिल्ला तथा काउण्टि क्षेत्रभित्र रहेका अक्षयकोषदाता, आजीवन सदस्यमध्यबाट बढीमा(१० जना), संरक्षक र विशिष्ट सदस्यमध्यबाट बढीमा-५ जना (भएको खण्डमा),
ग) जिल्ला तथा काउण्टि क्षेत्रभित्र रहेका प्रत्येक प्रारम्भिक कार्य समितिबाट अध्यक्ष र सचिव(२ जना ।

**३) क्षेत्रीय सभा:** समितिले प्रत्येक वर्ष क्षेत्रीय सभाको आयोजना गर्नेछ । सभामा आर्थिक र कार्य प्रगति प्रतिवेदन पेश गर्नुका साथै वार्षिक कार्यक्रमको तर्जुमा गर्नेछ सभामा देहाय बमोजिमको प्रतिनिधित्व हुनेछ ।

क) क्षेत्रीय संयोजन समीतीका सम्पर्ण पदाधिकारी तथा सदस्यहरु र सल्लाहकारहरु,

ख) क्षेत्रीय संयोजन समीतीको क्षेत्राधिकार भित्र रहेका अक्षयकोषदाता, आजीवन सदस्यमध्यबाट बढीमा(१० जना,) संरक्षक र विशिष्ट संरक्षक सदस्यमध्यबाट बढीमा ५-५ जना (भएको खण्डमा) र

ग) क्षेत्रीय संयोजन समीतीको क्षेत्राधिकार भित्र रहेका प्रत्येक प्रारम्भिक कार्य समितिबाट अध्यक्ष र सचिव-२ जना,

४) **राष्ट्रिय परीषद** राष्ट्रिय संयोजन समितिले प्रत्येक वर्ष **राष्ट्रिय परीषद**को आयोजना गर्नेछ । **परीषद**मा आर्थिक र कार्य प्रगति प्रतिवेदन पेश गर्नुका साथै वार्षिक कार्यक्रमको तर्जुमा गर्नेछ । **परीषद**मा देहाय बमोजिमको प्रतिनिधित्य हुनेछ ।

क) राष्ट्रिय संयोजन समितिका पदाधिकारी तथा सदस्यहरु र सल्लाहकारहरु,

ख) प्रत्येक क्षेत्रीय संयोजन समीतीका अध्यक्ष र सचिव-२ जना-(अध्यक्ष र सचिव उपस्थित हुन नसक्ने भएमा अन्य २ जना ।

ग) प्रत्येक जिल्ला तथा काउण्टि कार्य समितिबाट अध्यक्ष र सचिव-२ जना,

घ) प्रत्येक प्रारम्भिक कार्य समितिबाट अध्यक्ष र सचिव-२ जना ।

ङ) सम्पूर्ण विशिष्ट संरक्षक र संरक्षक सदस्यमध्यबाट बढीमा-५ जना(भएको खण्डमा) र

च) सम्पूर्ण आजीवन सदस्यमध्यबाट बढीमा-१० जना र विभाग तथा उपसमीतीका सदस्यहरु राष्ट्रिय परीषदको पदेन सदस्य हुनेछन ।

## परिच्छेद-५

## सम्मेलन, प्रतिनिधिको व्यवस्था र मताधिकार :

**धारा-१२, सम्मेलनः**

१) सामान्यत किरात राई यायोक्खा वेलायतको विधान वमोजीम प्रत्येक कार्य समितिले देहाय बमोजिमको कम्तिमा प्रत्येक ३ वर्षमा एकपटक आफ्नो सम्मेलनको आयोजना गरी नयाँ कार्य समितिको निर्वाचन गर्नेछ ।

क) **प्रारम्भिक सम्मेलनः** प्रारम्भिक कार्य समितिले ३ वर्षमा प्रारम्भिक सम्मेलनको आयोजना गरी धारा १० (क) बमोजिमको प्रारम्भिक कार्य समितिको गठन गर्नेछ । सम्मेलनमा प्रारम्भिक कार्य समितिले आर्थिक र कार्य प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ । प्रस्तुत आर्थिक र कार्य प्रगति प्रतिवेदनका साथै अन्य समसामायिक विषय माथि विस्तृत छलफल गरी प्रस्ताव पारित गर्नेछ । सो को जानकारी जिल्ला तथा काउण्टि कार्य समिति वा माथील्लो निकायलाई अनिवार्य गराउनु पर्नेछ ।

ख) **जिल्ला तथा काउण्टि सम्मेलनः** जिल्ला तथा काउण्टि कार्य समितिले ३ वर्षमा जिल्ला तथा काउण्टि सम्मेलनको आयोजना गरी धारा १० (ख) बमोजिमको जिल्ला तथा काउण्टि कार्य समितिको गठन गर्नेछ । तर प्रथम जिल्ला तथा काउण्टि सम्मेलन भने रासंसबाट गठन गरिएको तदर्थ समितिले सम्मेलनको आयोजना गर्नेछ । सम्मेलनमा जिल्ला तथा काउण्टि कार्य समितिले आर्थिक र कार्य प्रगति प्रतिवेदन पेश गर्नेछ । प्रस्तुत आर्थिक र कार्य प्रगति प्रतिवेदनका साथै अन्य समसामायिक विषय माथि विस्तृत छलफल गरी प्रस्ताव पारित गर्नेछ । सो को जानकारी क्षेत्रीय संयोजन समीती राससलाई अनिवार्य गराउनु पर्नेछ ।

**ग) क्षेत्रीय सम्मेलनः,** क्षेत्रीय संयोजन समीती ३ वर्षमा एकपटक क्षेत्रीय सम्मेलनको आयोजना गरी धारा १० (ग) बमोजिमको क्षेत्रीय कार्य समितिको गठन गर्नेछ । तर प्रथम पटक भने रासंसबाट गठन गरिएको तदर्थ समितिले सम्मेलनको आयोजना गर्नेछ । सम्मेलनमा क्षेत्रीय कार्य समितिले आर्थिक र कार्य प्रगति प्रतिवेदन पेश गर्नेछ । प्रस्तुत आर्थिक र कार्य प्रगति प्रतिवेदनका साथै अन्य समसामायिक विषय माथि विस्तृत छलफल गरी प्रस्ताव पारित गर्नेछ । सो को जानकारी रासंसलाई अनिवार्य गराउनु पर्नेछ ।

घ) **राष्ट्रिय सम्मेलनः-** राष्ट्रिय संयोजन समितिले ३ वर्षमा राष्ट्रिय सम्मेलनको आयोजना गरी धारा १० (घ) बमोजिमको **राष्ट्रिय संयोजन समिति**को गठन गर्नेछ । तर प्रथम राष्ट्रिय सम्मेलन भने वेलायतमा बसोबस गर्ने सम्पूण किरात राईहरुको प्रतिनिधित्व हुनेगरी तदर्थ समितिले आयोजना गर्नेछ । सम्मेलनमा **राष्ट्रिय संयोजन समिति**ले आर्थिक र कार्य

प्रगति प्रतिवेदन पेश गर्नेछ । प्रस्तुत आर्थिक र कार्य प्रगति प्रतिवेदनका साथै अन्य समसामायिक विषय माथि विस्तृत छलफल गरी प्रस्ताव पारित गर्नेछ ।

२) **प्रतिनिधिको व्यवस्था:** प्रारम्भिक, जिल्ला तथा काउण्टि, क्षेत्रीय र राष्ट्रिय सम्मेलनमा देहाय बमोजिमको प्रतिनिधिको व्यवस्था हुनेछ ।

क) **प्रारम्भिक सम्मेलन:** प्राकसका: पदाधिकारी र सदस्यहरु वा आयोजक समिति सदस्यहरु, सल्लाहकारहरु र देहायका ब्यात्कीहरु **प्रारम्भिक सम्मेलनको** प्रतिनिधि वन्नेछन ।

१) सम्बन्धित टाउन वा क्षेत्रमा बसोबास गर्ने किरायाका साधारण सदस्यता प्राप्त व्यक्ति, अक्षयकोषदाता, प्रारम्भिक कार्य समितिका पदाधिकारी र सदस्यहरु सम्मेलनमा उम्मेद्वार हुन र मतदान गर्न पाउने छन् ।

**ख) जिल्ला तथा काउण्टि सम्मेलन** जिल्ला तथा काउण्टि कार्य समितिका पदाधिकारी र सदस्यहरु वा आयोजक समिति सदस्यहरु र सल्लाहकारहरु र देहायका ब्यात्कीहरु **जिल्ला तथा काउण्टि सम्मेलनको** प्रतिनिधि वन्नेछन ।

१) जिल्ला वा काउण्टी क्षेत्रमा रहेका प्रत्येक प्रारम्भिक कार्य समितिहरुबाट अध्यक्ष र सचिव-२ र अन्य-३ जना गरी जम्मा-५ (कम्तिमा २ जना महिला),

२) सम्वन्धीत जिल्ला भरीका सम्पुर्ण संरक्षक तथ विशिष्ट संरक्षक सदस्यहरु र अक्षयकोषदाताहरु ।

३) सम्वन्धीत जिल्लाको प्रत्यक प्राकासका आजीवन सदस्य संख्याको १० प्रतिशत थप प्रतिनिधी ।

**ग) क्षेत्रीय सम्मेलन:** क्षेसंसका पदाधिकारी र सदस्यहरु वा आयोजक समिति सदस्यहरु र सल्लाहकारहरु र देहायका ब्यात्कीहरु **क्षेत्रीय सम्मेलनको** प्रतिनिधि वन्नेछन ।

१) प्रत्येक प्रारम्भिक कार्य समितिहरुबाट अध्यक्ष र सचिव-२ र अन्य-२ जना गरी जम्मा-४ (अनिवार्य १ जना महिला)

२) सम्वन्धीत क्षेत्रका प्रत्येक जिल्ला तथा काउण्टि कार्य समितिबाट अध्यक्ष र सचिव-२ र अन्य-३ जना गरी जम्मा-५ जना ( कम्तिमा २ जना महिला)

३) सम्वन्धीत क्षेत्रका प्रत्येक प्राकासका आजीवन सदस्य संख्याको ५ प्रतिशत थप प्रतिनिधी ।

४) संरक्षक र विशिष्ट संरक्षक सदस्य मध्यबाट- ५/५ जना, अक्षयकोषदाताहरु मध्यबाट-२ जना, र

५) किरायामा आवद्ध भाषिक तथा भातृ संस्थाहरुबाट २/२ जना, (कम्तिमा १ जना महिला )

**घ) राष्ट्रिय सम्मेलन:** रासंसका पदाधिकारी र सदस्यहरु वा आयोजक समिति सदस्यहरु, विषयगत विभागीय सदस्यहरु, सल्लाहकारहरु र देहायका ब्यात्कीहरु **राष्ट्रिय सम्मेलनको** प्रतिनिधि वन्नेछन ।

१) प्रत्येक प्रारम्भिक कार्य समितिहरुबाट अध्यक्ष र सचिव-२ र अन्य-१ जना गरी जम्मा- ३ (कम्तिमा १जना महिला)

२) प्रत्येक क्षेत्रीय र जिल्ला तथा काउण्टि कार्य समितिबाट अध्यक्ष र सचिव-२ र अन्य-२ जना गरी जम्मा-४ जना (अनिवार्य १ जना महिला),

३) सम्पूर्ण संरक्षक र विशिष्ट संरक्षक सदस्यहरु

४) प्रत्येक प्रारम्भिक कार्य समितिहरुबाट सम्पूर्ण साधारण र आजीवन सदस्यहरुको ५% ले मताधिकार गर्न पाउने छन ।

५) किरायामा आवद्ध भाषिक तथा भातृ संस्थाहरुबाट२/२ जना,(१जना महिला निवार्य)

**धारा-१३) कार्य समितिको बैठक:** प्रारम्भिक र जिल्ला तथा काउण्टि कार्य समितिको बैठक सामान्यतया प्रत्येक ३ महिनामा नबढाइकन एक पटक (वर्षमा ४ पटक पूर्ण बैठक) कार्य समितिले तोकेको स्थान र समयमा बस्नेछ । तर आवश्यक भएमा आकस्मिक बैठकहरु पनि कार्य समितिले तोकेको स्थान र समयमा बस्न सक्नेछ । गणपूरक संख्या सम्पूर्ण सदस्य संख्याको प्रत्येक पटकलाई ५१ प्रतिशतलाई मानिनेछ । तर **राष्ट्रिय संयोजन समिति**को पूर्ण बैठक को हकमा भने ३३% उपस्थितिलाई पनि गणपूरक संख्या मानिनेछ ।

**धारा-१४) कार्य समिति, सचिवालय, सभा र विभागको काम, कर्तब्य र अधिकार:** कार्य समिति, सचिवालय, सभा र विभागको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**१) प्रारम्भिक कार्य समिति :**

क) कार्यालय सञ्चालन गर्ने ।
ख) प्रारम्भिक सम्मेलनद्धारा पारित प्रस्ताव र निर्णयहरु कार्यान्वयन गर्ने ।
ग) साधारण सदस्यता वितरण र नविकरण गर्ने ।
घ) माथील्ला समीती र तहबाट प्राप्त भएका परिपत्र र निर्देशनहरुको पालना गर्ने गराउने ।
ङ) प्रारम्भिक सम्मेलन र सभाः ाको आयोजना गर्ने, अन्य विविध कार्यक्रमहरुको आयोजना गर्ने ।
च) समितिको आर्थिक कोष खडा गर्ने, लेखा परिक्षण जिल्लाबाट गराउने र अक्षयकोष स्थापनाको लागि पहल गर्ने ।
छ) बजेटको तर्जुमा गर्ने र चल अचल सम्पत्तिको संरक्षण गर्ने ।
ज) संस्थाको उद्देश्य पूरा गर्न विविध किसिमका कार्यक्रमहरुको आयोजना गर्ने ।
झ) किरात राईहरुको संस्कृति तथा संस्कारको पालना र संरक्षण गर्ने ।
ञ) समितिले गरेको कार्य प्रगति र आर्थिक प्रतिवेदन नियमित रुपमा जिल्ला तथा काउण्टि पठाउने
ट) कुनै पदाधिकारी र सदस्यहरु नियमित ३ पटक बैठकमा बिना सुचना अनुपस्थित भएमा पदबाट हटन सक्ने, राजीनामा स्वीकृत गर्ने र रिक्त स्थानहरुको पदपूर्ति गर्ने ।

**२) जिल्ला तथा काउण्टि कार्य समिति :**

क) कार्यालय सञ्चालन गर्ने र चल अचल सम्पत्तिको संरक्षण गर्ने ।
ख) जिल्ला तथा काउण्टि सम्मेलन र सभाः ाको आयोजना गर्ने ।
ग) जिल्ला तथा काउण्टि सभा सम्मेलनले पारित गरेको प्रस्ताव र निर्णयहरु कार्यान्वयन गर्ने, गराउने ।
घ) बजेट तर्जुमा गर्ने र माथील्ला समीतीबाट लेखा परिक्षण गराउने ।
ङ) **राष्ट्रिय संयोजन समिति** तथा क्षत्रीय समीतीको परिपत्र र निर्देशनको पालन गर्ने,गराउने
च) प्रारम्भिक कार्य समितिहरुलाई निर्देशन दिने, अनुगमन र निरीक्षण गर्ने ।
छ) किरात राईहरुको संस्कृति, संस्कारको पालना र संरक्षण गर्ने, गराउने ।
ज) अन्य समान उद्देश्य भएका जातीय संघ/संस्थाहरु संग समन्वय गरी कार्य गर्ने ।
झ )संस्थाको उद्देश्य पूरा गर्न विभिन्न कार्यक्रमहरुको आयोजना गर्ने ।
ञ) निर्णय र पारति गरेको कार्य प्रगति र आर्थिक प्रतिवेदन माथील्ला समीतीमा पठाउने ।
ट) आजीवन तथा साधारण सदस्यता वितरण गर्ने र नविकरण गर्ने ।
ठ) आर्थिक कोष खडा गर्ने र अक्षयकोष स्थापनाको लागि पहल गर्ने ।
ड) कुनै पदाधिकारी र सदस्यहरु नियमित ३ पटक बैठकमा बिना सुचना अनुपस्थित भएमा पदबाट हटाउन सक्ने, राजीनामा स्वीकृत गर्ने र रिक्त स्थानको पदपूर्ति गर्ने ।

**३) क्षेत्रीय संयोजन समिति :**

क) कार्यालय सञ्चालन गर्ने र कर्मचारी नियुक्तिको अनुमोदन गर्ने ।
ख) विधानमा उल्लेख भएका सदस्यताहरु वितरण गर्ने ।
ग) वैठडक, क्षेत्रिय सम्मेलन र सभाः ाको आयोजना गर्ने ।
घ) सम्मेलन र सभाः ाले पारित गरेका प्रस्ताव र निर्णयहरु कार्यान्वयन गर्ने तथा **राष्ट्रिय संयोजन समितिमा** पठाउने ।
ङ) वार्षिक कार्यक्रम बनाउने, बजेटको तर्जुमा गर्ने र संचालन गर्ने ।
च) आर्थिक कोष खडा गर्ने र अक्षयकोषहरुको संरक्षण गरी सञ्चालन गर्ने ।
ज) मातहतका सभा, विभाग र समितिहरुलाई निर्देशन दिने, अनुगमन र निरीक्षण गर्ने ।
झ) संस्थाको उद्देश्य प्राप्तिका लागि कार्यरत रहने र प्रचार प्रसार गर्ने ।
ञ) किरात राईहरुको संस्कार, संस्कृतिको पालना, संरक्षण र विस्तार गर्ने, गराउने ।
ट) पदाधिकारी र सदस्यहरु पूर्ण बैठकमा ३ पटक बिना सुचना अनुपस्थित भएमा पदबाट हटाउने, राजीनामा स्वीकृत गर्ने र रिक्त स्थानको पदपूर्ति गर्ने ।

**४) राष्ट्रिय संयोजन समिति ,**

क) कार्यालय सञ्चालन गर्ने र कर्मचारी नियुक्तिको अनुमोदन गर्ने ।

ख) विधानमा उल्लेख भएका सदस्यताहरु वितरण गर्ने ।
ग) वैठक, राष्ट्रिय सम्मेलन र सभाः ाको आयोजना गर्ने ।
घ) सम्मेलन र सभाः ाले पारित गरेका प्रस्ताव र निर्णयहरु कार्यान्वयन गर्ने ।
ङ) वार्षिक कार्यक्रम बनाउने, बजेटको तर्जुमा गर्ने र लेखा परिक्षक नियुक्ति गर्ने ।
च) कार्यक्रम तय गरी कार्यान्वयन गर्ने, लेखा परिक्षण गराउने र चल अचल सम्पत्तिको संरक्षण गर्ने।
छ) आर्थिक कोष खडा गर्ने र अक्षयकोषहरुको संरक्षण गरी सञ्चालन गर्ने ।
ज) मातहतका सभा, विभाग र समितिहरुलाई निर्देशन दिने, अनुगमन र निरीक्षण गर्ने ।
झ)संस्थाको उद्देश्य प्राप्तिका लागि कार्यरत रहने र प्रचार प्रसार गर्ने ।
झ) किरात राईहरुको संस्कार, संस्कृतिको पालना, संरक्षण र विस्तार गर्ने, गराउने ।
ञ) अन्य समान उद्देश्य भएका जातीय संघ/संस्थाहरु संग सम्बन्ध स्थापित गरी कार्य गर्ने
ट) विधान संसोधन गर्नु परेमा प्रस्ताव तय गरी राष्ट्रिय सम्मेलनमा पेश गर्ने
ठ) पदाधिकारी र सदस्यहरु पूर्ण बैठकमा ३ पटक बिना सुचना अनुपस्थित भएमा र सचिवालयको हकमा नियमित ४ पटक बैठकमा बिना सुचना अनुपस्थित भएमा पदबाट हटाउन सक्ने, र राजीनामा स्वीकृत गर्ने र रिक्त स्थानको पदपूर्ति गर्ने ।
ड) आवश्यकतानुसार भातृ संगठन, विभाग, सभा, समिति, उप-समितिहरु गठन गर्न र विघटन गर्न सक्नेछ ।
ढ) अन्य देश विदेशमा संचालित किरात राईहरुसंग सम्वन्धीत संघ सस्थाहरुसंग र आफ्नो जातीहरुको विकास र उत्थानका लागि खोलेका संघ-संस्थाहरुसंग, सम्बन्ध र सहयोगको आदान-प्रदान गर्ने ।
ण) आवश्यकतानुसार भातृ संगठनहरुको निर्माण गरी निरीक्षण, अनुगमन तथा निर्देशन दिने, संस्थाको विधान अनुसार कार्य नगरेको खण्डमा निलम्बन वा विघटन गर्न सक्नेछ ।

५) **मुख्य सचिवालयः** कार्यालय सञ्चालन गर्ने, कार्य प्रगति र आर्थिक प्रतिवेदन तयार गर्ने, विभाग, सभा, भातृ संस्था र जिल्ला तथा काउण्टि कार्य समितिहरुको प्रगति विवरण नियमित मगाउने, **रासंस** मार्फत पारित भएका प्रस्ताव र निर्णयहरु कार्यान्वयन भएको छ, छैन सोको अनुगमन गर्ने, निदेशन दिने, **रासंस**को बैठक नबसे सम्म आवश्यकतानुसार सम्पूर्ण कार्यहरु गर्ने ।

६) **विभागः -** राष्ट्रिय संयोजन समितिले तोकेको कार्य सम्पादन गर्ने र आ-आफ्नो विभाग अन्तर्गत भएका कार्यहरुको प्रगति विवरण नियमित रुपमा **रासंस**मा बुझाउनु पर्ने ।

## परिच्छेद - ६
## पदाधिकारी तथा सदस्यहरुको काम, कर्तब्य र अधिकार :

**धारा-१५) पदाधिकारी तथा सदस्यहरुको काम, कर्तब्य र अधिकारः** कार्य समितिहरुको पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**१) अध्यक्षः**

क) बैठकको अध्यक्षता गर्ने ।
ख) कार्य समितिहरुको नियन्त्रण, निरिक्षण र परामर्श गर्ने ।
ग) कार्य समितिको बैठकमा बराबर मत भएमा निर्णायक मत दिने ।
घ) कार्य समितिलाई क्रियाशिल बनाउदै समान उद्देश्य भएको जातीय संघ, संस्थासंग सम्बन्ध स्थापित गर्ने ।
ङ) बैठकमा पेश गरिने प्रस्तावहरु त्यार गर्न लगाउने, पारित प्रस्तावहरु कार्यान्वयन गराउने, नियमित र आकस्मिक बैठकहरु बोलाउन लगाउने ।
च) सचिवालय र कार्य समितिको आगामी बैठकबाट अनुमोनल गराउने गरी £२०० र १०० सम्म **रासस,** जिल्ला तथा काउण्टि र प्रारम्भिक कार्य समितिहरुका अध्यक्षहरुले खर्च गर्न सक्नेछन् ।
छ) विभिन्न सम्झौताहरुमा हस्ताक्षर गर्ने ।
ज) राजीनामा स्वीकृति गर्ने र आवश्यकतानुसार अन्य कार्यहरु गर्ने ।

२) **उपाध्यक्षः** अध्यक्षलाई सहयोग पु-याउने, अध्यक्षको अनुपस्थितिमा निजको काम, कर्तब्य र अधिकार प्रयोग गरी कार्य सञ्चालन गर्ने । साथै अन्य तोकिएको कार्यहरु गर्ने ।

३) **महा-सचिव/सचिवः**

क) महा-सचिव/सचिवले कार्य समितिको कार्यालयको दैनिक प्रशासनिक रेखदेख गर्ने, संस्थाको तर्फबाट पत्र व्यवहार गर्ने र कार्यालयको कर्मचारीहरुको नियुक्ति गरी मातहतमा राखी कार्य गराउने ।

ख) वार्षिक कार्यक्रम बनाउने, नीति निर्माण गर्ने र कार्यान्वयन गर्ने, गराउने ।

ग) संस्थाको कागजातहरुको जिम्मा लिने, प्रगति प्रतिवेदन पेश गर्ने ।

घ) अध्यक्षको निर्देशन अनुसार बैठक बोलाउने ।

ङ) बैठकमा पेश हुने प्रस्तावहरु तयार गर्ने र पारित प्रस्ताव र निर्णयहरु कार्यान्वयन गर्ने ।

च) सभा र सम्मेलनमा कार्य समितिको तर्फबाट कार्य प्रगति प्रतिवेदन पेश गर्ने र प्रस्तावको मस्यौदा पेश गर्ने ।

छ) अध्यक्षसंग परामर्श लिई अन्य आवश्यक कार्यहरु गर्ने ।

४) **सचिव/सह-सचिवः**

महा-सचिव/सचिवलाई सहयोग पु-याउने, निजको अनुपस्थितिमा सम्पूर्ण जिम्मेवारी लिई कार्य गर्ने, बैठकको निर्णयहरु लिपिबद्ध गर्ने र अन्य तोकिएको कार्यहरु गर्ने । अक्षयकोष व्यवस्थापन समितिको सचिव भई कार्य सम्पादन गर्ने ।

**स्पष्टिकरणः रासंस** मा महा-सचिव रहने व्यवस्था भएकोले सह-सचिवको कार्य सचिवले गर्नु पर्नेछ।

५) **कोषाध्यक्षः**

क) संस्थाको आम्दानी, खर्चको हिसाब दुरुस्त राख्ने ।

ख) संस्थाको चल, अचल सम्पत्तिको श्रेस्ता राख्ने र तिनीहरुको जिम्मा लिने ।

ग) आर्थिक कोष निर्माण गर्ने र अध्यक्षको निर्देशन अनुसार कार्य गर्ने ।

घ) लेखा परिक्षण गराउने र वार्षिक अनुमानित बजेट पेश गर्ने, सभा र सम्मेलनमा कार्य समितिको तर्फबाट आर्थिक प्रतिवेदन पेश गर्ने ।

ङ) अध्यक्षसंग परामर्श गरी अन्य आवश्यक कार्यहरु गर्ने ।

६) **सह-कोषाध्यक्षः** कोषाध्यक्षलाई सहयोग पु-याउने, निजको अनुपस्थितिमा सम्पूर्ण जिम्मेवारी लिई कार्य गर्ने, अक्षयकोषहरुको हिसाब राखी तत् सम्बन्धी कार्य गर्ने र अन्य कार्यहरु गर्ने ।

७) **सदस्यः** कार्य समितिका बैठकहरुमा उपस्थित भई छलफल गर्ने, राय प्रस्तुत गर्ने, जिम्मेवारी दिइएको कार्यहरुको सम्पादन गर्ने र संस्थाको उद्देश्य प्राप्तिको लागि क्रियाशील भई काम गर्नु सदस्यहरुको काम, कर्तब्य र अधिकार हुनेछ ।

## परिच्छेद-७
## आर्थिक व्यवस्था :

**धारा-१६) आर्थिक श्रोत :** संस्थाको आर्थिक श्रोत निम्नानुसार हुनेछ ।

क) सदस्यता शुल्क,

ख) सरकार र विदेशी दातृसंस्थाहरुबाट प्राप्त ऋण तथा अनुदान सहयोग,

ग) अन्य विविधबाट प्राप्त । सबै तहको सदस्यता **रासस** वा सचिवालयबाट प्रदान गरिनेछ भने आजीवन र साधारण सदस्यता जिल्ला तथा काउण्टि कार्य समितिबाट प्रदान गरिनेछ । साधारण सदस्यता प्रारम्भिक कार्य समितिहरुले प्रदान गर्नेछ ।

**धारा-१७) चल, अचल सम्पत्ति :** संस्थाले चल, अचल सम्पत्ति खरिद वा अनुदान सहयोग प्राप्त गर्न सक्नेछ । जस्को स्पष्ट जिन्सी खाता बनाई विवरण राखिनेछ ।

**धारा-१८) कोष :**संस्थाको नाममा बैंक तथा वित्तिय संस्थामा खाता खोली आर्थिक कारोबार गर्नेछ । अध्यक्ष, महा-सचिव र कोषाध्यक्ष (कोषाध्यक्षको दस्तखत अनिवार्य) को संयुक्त दस्तखतद्धारा कोष तथा बैंकिङ्ग कारोबार सञ्चालन गर्ने साथै अक्षयकोषहरु स्थापना गरी विभिन्न विधामा किरात राईहरुलाई छात्रवृत्ति, पुरस्कार, सम्मान, पारिश्रमिक, सहयोग तथा तालिम आदि प्रदान गर्नेछ । जिल्ला तथा काउण्टि र प्रारम्भिक कार्य समितिहरुको हकमा अध्यक्ष, सचिव र कोषाध्यक्ष (निवार्य) को संयुक्त दस्तखतबाट खाता सञ्चालन गरिनेछ ।

**धारा-१९) लेखा परीक्षण :**

क) प्रत्येक कार्य समितिहरुले वार्षिक रुपमा लेखा परीक्षण गराउनु पर्नेछ ।

ख) प्रारम्भिक कार्य समितिको - जिल्ला तथा काउण्टि कार्य समितिले, जिल्ला तथा काउण्टि कार्य समितिको - क्षेत्रिय कार्यसमीती, **रासस** वा सचिवालयले तोकेको व्यक्तिबाट र **रासस**को मान्यत प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ । यसरी गरेको लेखा परीक्षणको प्रतिवेदन **राप** समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद - ८
## निर्वाचन र विविध :

**धारा-२०) निर्वाचन:**

क) ***राष्ट्रिय संयोजन समितिको*** सम्मेलनद्धारा एक अध्यक्ष सहित बढीमा ५ सदस्यीय एक अध्यक्ष मण्डल गठन गरिनेछ । उक्त अध्यक्ष मण्डलले आवस्येक ठानेमा विधानको अधीनमा रही एक निर्वाचन आयोग गठन गरी निर्वाचन सम्बन्धि सम्पूर्ण कार्य सम्पन्न गर्नेछ र यसको निर्णय अन्तिम हुनेछ । तर क्षेत्रिय, जिल्ला तथा काउण्टि र प्रारम्भिक कार्य समितिको प्रथम सम्मेलन भने उपल्लो कार्य समीतीको पदाधिकारी, सदसयहरु वा अधिकार प्रत्यायोजित व्यक्तिद्धारा तदर्थ समिति तथा आयोजक समीती गठन गरी सम्पन्न गरिनेछ । साथै क्षेत्रिय, जिल्ला तथा काउण्टि सम्मेलनको निर्वाचन आयोग गठन गर्दा **रासस**को प्रतिनिधि र प्रारम्भिक सम्मेलनमा जिल्ला तथा काउण्टि कार्य समितिको प्रतिनिधि हुन अनिवार्य छ । **रासस** सम्मेलनमा अक्षयकोष दाता, आजीवन, संरक्षक, र विशिष्ट संरक्षक सदस्यहरुको प्रतिनिधिहरु सम्बन्धित समिति वा सचिवालयले समुहगत निर्वाचनद्धारा चयन गर्नेछ ।

ख) निर्वाचन आयागका अध्यक्ष र सदस्यहरुले मतदान गर्न र उम्मेद्वार हुन पाउने छैनन् ।

ग) निर्वाचन आयोगको कार्य सम्पन्न भएपछि स्वतः विघटन हुनेछ ।

घ) सबै तहको निर्वाचन गोप्य मतदानबाट हुनेछ ।

ङ) तल्लो कार्य समितिको पदाधिकारी र सदस्यहरु माथिल्लो समितिमा निर्वाचित भई गएमा तल्लो समितिको पद स्वतः रिक्त हुनेछ । यसरी रिक्त भएको पद सम्बन्धित समितिले मनोनयनद्धारा पूर्ति गर्नेछ ।

**धारा - २१) उम्मेद्वारको योग्यता:** देहायका प्रतिनिधिहरु संस्थाको कार्य समितिमा उम्मेद्वार हुन योग्य हुने छैनन् ।

क) अध्यक्ष मण्डल तथा निर्वाचन आयोगका अध्यक्ष र सदस्य ।

ख) धारा-९ बमोजिमका व्यक्तिहरु

ग) संस्थाको सदस्यता नलिएको व्यक्तिहरु ।

**धारा - २२) अविश्वासको प्रस्ताव:** संस्थाको जुनसुकै कार्य समितिका पदाधिकारी र सदस्यह उपर अविश्वासको प्रस्ताव ल्यानु परेमा सम्बन्धित सभा तथा परिषद (प्रारम्भिक, जिल्ला तथा काउण्टि र राष्ट्रिय परिषद) को कुल सदस्य संख्याको एक तिहाई सदस्यहरुको हस्ताक्षर भएको अविश्वासको प्रस्ताव सम्बन्धित कार्य समितिका अध्यक्ष समक्ष प्रस्तुत गर्नुपर्नेछ र अध्यक्षले सो प्रस्ताव प्राप्त भएको ४ महिनाभित्र सम्बन्धित सभा वा परिषद बोलाई सो प्रस्ताव माथि छलफल गराउनु पर्नेछ । अविश्वासको प्रस्ताव पारित गर्न सम्बन्धित सभा वा परिषदको उपस्थित सदस्य संख्याको दुई तिहाई मत आवश्यक हुनेछ । अध्यक्षको विरुद्ध अविश्वासको प्रस्ताव पेश गर्नु परेमा सम्बन्धित समितिका उपाध्यक्ष समक्ष पेश गर्नु पर्नेछ ।

**धारा - २३) सदस्यता समाप्ति:** देहायको अवस्थामा पदाधिकारी तथा सदस्यहरुको सदस्यता समाप्त हुनेछ ।

क) मृत्यू भएमा ।

ख) मानसिक सन्तुलन बिग्रेमा ।

ग) साधारण सदस्यता नविकण नगरेमा ।

घ) राजीनामा स्वीकृत भएमा र

ङ) संस्थाको विपरीत कार्य गरेको प्रमाणित भएमा वा अविश्वासको प्रस्ताव पारित भएमा ।

**धारा - २४) राजीनामा:** सबै तहका पदाधिकारी र सदस्यहरुको राजीनामा सम्बन्धित समितिका अध्यक्षले स्वीकृत गरी आगामी बैठकमा अनुमोदन गराउनु पर्नेछ । तर अध्यक्षको राजीनामाको हकमा सम्बन्धित समितिको बैठकलाई मात्र स्वीकृत गर्ने अधिकार हुनेछ ।

**धारा - २५) विधान संशोधन:** विधान संशोधन गर्न आवश्यक भएमा सो कुरा **रासस** मार्फत राष्ट्रिय सम्मेलनमा पेश गरी उपस्थित प्रतिनिधिहरुको दुई तिहाई बहुमतले पारित गरेमा अधिकारीक रुपमा संशोधित विधान लागु हुनेछ ।

**धारा - २६) नियम बनाउने अधिकार:** **रासस**ले आवश्यकतानुसार नियम/विनियम बनाई लागु गर्न सक्नेछ। प्रारम्भिक, जिल्ला तथा काउण्टि र क्षत्रीय कार्य समितिले नियम/विनियम बनाई **रासस** बाट स्वीकृति लिई लागु गर्न सक्नेछ।

**धारा - २७) सल्लाहकार**: प्रारम्भिक, जिल्ला तथा काउण्टि, क्षेत्रीय कार्य समिति र **रासस**ले आवश्यक ठानेमा किरात राईहरुको विकास र उत्थानमा विशेष योगदान पु-याउन सक्ने व्यक्तित्वहरुलाई सल्लाहकारमा राखिनेछ।

**धारा-२८) संस्थाको विघटन:** संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणबाट विघटन गर्नु परेमा सो कुरा **रासस** मार्फत राष्ट्रिय परीषदमा पेश गरी उपस्थित प्रतिनिधिहरुको दुई तिहाई बहुमतले पारित गरी **संस्थाको विघटन** गरीन्ने छ। यसरी संस्थाको विघटन भएमा संस्थाको चल, अचल सम्पत्तिको स्वामित्व अन्यथा व्यवस्था नभएसम्म किरात राई यायोक्खा नेपालमा सर्नेछ।

**धारा - २९) संस्थाको हैसियत:**

क) यो संस्था एक विशुद्ध सामाजिक सेवा भावले स्थापना भएको एक अविच्छिन्न उत्तराधिकारवाला स्वाशासित संस्था हुनेछ। यो संस्थाले कुनै व्यक्ति, सरकारी वा गैर सरकारी संघ/संस्था उपर मुद्धा गर्नु पर्ने भएमा मुद्दा गर्न र प्रतिवाद गर्न सक्नेछ।

ख) संस्थाको उद्देश्य प्राप्तिको लागि कार्य गर्दा कुनै पदाधिकारी वा सदस्यहरु उपर मुद्दा मामिला आइपरे सो को प्रतिरक्षा संस्थाद्धारा गरिनेछ। यस धाराको प्रयोजनको लागी **रासंस** ले छुटै व्यावस्था गर्नेछ।

**धारा - ३०) निष्क्रिय:** यस विधानमा लेखिएका कुराहरु प्रचलित कानुनसंग बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ।

**धारा - ३१) पदावधि:** प्रारम्भिक, जिल्ला तथा काउण्टि, क्षेत्रीय र **रासस** हरुको सम्बन्धित सम्मेलनद्धारा निर्वाचीत कार्य समितिको पदावधि ३ वर्षको हुनेछ। विशेष परिस्थिति आइपरेमा प्रारम्भिक कार्य समितिको जिल्ला तथा काउण्टि कार्य समितिले र जिल्ला तथा काउण्टि कार्य समितिको क्षेत्रीय कार्य समितिले बढीमा १ वर्षसम्मको लागि पदावधि थप गर्न सक्नेछ। क्षेत्रीय र **रासस** को हकमा त्यस्तो परिस्थिति आई परेमा सोही समितिले बढीमा १ वर्षसम्मको लागि कार्य गर्न सक्नेछ तर यस्तो निर्णयलाइ आगामी **राप**मा पेशगरी अनुमोदन गराउनु पर्नेछ।

**धारा - ३२) व्याख्या:** यस विधान र नियमावलीहरुको अन्तिम ब्याख्याकार **रासस.** हुनेछ। सो उपर चित्त नबुझेमा आगामी **राप**मा पुनरावेदन गर्न सकिनेछ।

**धारा - ३३) विशेष व्यवस्था:**

१) किरायामा आवद्ध भाषिक तथा भातृ संस्थाहरुले १/१ जना सदस्य मनोनयन गरी पठाउनु पर्नेछ। मनोनीत ब्याक्तीहरु सम्वन्धीत भाषिक तथा भातृ संस्थाहरुको पदाधिकारी तथा सदस्य अनिवार्य हुनुपर्नेछ

२) **प्रत्याव्हानको ब्यावस्था:** देहायको अवस्थामा प्रत्याव्हान गर्न सकीनछ।

क) भाषिक तथा भातृ संस्थाबाट प्रतिनिधित्व गर्ने किरायाको **रासस** सदस्यहरुलाई आफ्नो संस्थाले आवश्यक ठानेमा बैठकबाट निर्णय गरी प्रत्याव्हान (फिर्ता) गर्न सक्नेछ।

ख) प्रतिनिधित्व गर्न नचाहेमा आफ्नो संस्थालाई लिखित जानकारी दिएमा उक्त भाषिक तथा भातृ संस्थाले उपर्युक्त पदाधिकारीलाई सिफारिस गरी प्रतिनिधित्व गराउन सक्नेछ।

ग) भाषिक तथा भातृ संस्थाबाट प्रतिनिधित्व गर्ने व्यक्तिको पदावधी सामान्यतया ३ वर्षको हुनेछ। तर भाषिक तथा भातृ संस्थामा पदाधिकारी नरहेको खण्डमा स्वतः पदावधि समाप्त भएको मानिनेछ।

घ) भाषिक तथा भातृ संस्थाहरु प्रतिनिधित्व गर्ने **रासस.** सदस्यको काम, कर्तव्य धारा- १५ को ७ को अलावा आफ्नो भाषिक तथा भातृ संस्थासंग समन्वय गरी भाषा, संस्कार, संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्नका साथै पुलको काम गर्नु पर्नेछ।

**धारा - ३४) खारेजी र बचाऊ:** यो संशोधित विधान लागु हुनुभन्दा अगाडि संस्थाको विधान अनुसार ग रिएका काम कारवाही यसै विधान अनुसार गरिएको मानिनेछ।

**अनुसूची - १ (लोगो)**

क) धनुष्काँड (तालेक) ऐतिहासिक हतियारको रुपमा आकाश ताकेको अवस्थामा रहनेछ ।
ख) त्यस धनुभित्र सोलेवा वाबुक (पितृ पुज्ने चिण्डो) र दायाँ, बायाँ पट्टी ढोल, झ्याम्टा रही किरात सांस्कृतिक बाजाहरुको परिचय गराउनेछ ।
ग) तालेक बाहिर फेदमा दुईवटा क्रस आकारमा घुङग्रीङ र माथि आकाश ताकेको काँड (तीर) रहनेछ, जसलाई उन्नत भविष्यको संकेत मानिनेछ ।

## अनुसूची - २ (झण्डा)

क) झण्डाको आकार माछाको पुच्छर जस्तो रहनेछ ।
ख) यसको वरिपरिको किनारा रातो र भुंईको रंग सुनौलो पहेंलो (Golden Yellow) रहनेछ ।
ग) झण्डाभित्र डण्डापट्टी सेतो वृत्तभित्र कालो रङ्गमा धनुकाँड चिन्ह रहनेछ ।

## अनुसूची - ३

## सफत ग्रहणको व्यवस्था

शपथग्रहणको नमूना निम्नानुसारको रहनेछ ।

**किरात राई यायोक्खा**
**निर्वाचन मण्डल**
**शपथग्रहण**

म ............................ सुम्निमा र पारुहाङलाई साक्षी राखी शपथ लिन्छु कि किरात राई यायोक्खा, प्रारम्भिक/जिल्ला/केन्द्रीय कार्य समितिमा निर्वाचित ...................................... को हैसियतले मलाई तोकिएको काम मेरो तन, मन, वचन, कर्म र विवेकले जाने बुझेसम्म इमानदार भई यो संस्था र संस्थाका अन्य सदस्यहरु प्रति वफादार रही लोभ, लालज, मोलाहिजा नगरी र गोपनीयता कायम राख्दै किराया, केन्द्रीय कार्य समितिको विधान २००८ को अधीनमा रही आफ्नो कर्तव्यको पालना गर्दै कार्य गर्नेछु ।

शपथ लिने व्यक्तिको हस्ताक्षर :

------ ------ ------ ------ ------
सदस्य सदस्य सदस्य सदस्य अध्यक्ष

मितिः ............................

## विधान मसौदा समिती

**संयोजक : अधिवक्ता श्री चण्डीराज राई**
**सदस्य : श्री चक्रवहादुर राई**
**सदस्य : श्री भीम राई**